नेपाल पशु चिकित्सा परिषद्

प.स. ०७८/०७९

मितिः २०७८।१०।२७

च.न. १४६

**विषयः नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ९ (ख) र (छ) बमोजिम स्वास्थ्य सेवामा रहेका चिकित्सक सरह पशु चिकित्सकलाई सरकारी सेवाको अधिकृत ८ औं तह वा सो सरहमा सेवा प्रवेश गराउने व्यवस्था कार्यन्वयन गर्न पेश गरिएको सम्बन्धमा।**

श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

श्री संघीय मामिला तथा समान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।
श्री कानून न्याय तथा संसदिय व्यवस्था मन्त्रालय, सिंहदरबार, काठमाण्डौं।

बागमति प्रदेश लोक सेवा आयोगको मिति २०७८ माघ १० को गोरखापत्र दैनिक पत्रिकामा पदपुर्ति सम्बन्धि सूचनामा बागमति प्रदेश मन्त्रालयहरु तथा स्थानिय तहका लागि पशु चिकित्सा विषयमा स्नातक तह उत्तिर्ण गरी नेपाल पशु चिकित्सा परिषद्ले सञ्चालन गरेको परीक्षामा सहभागी भई सफल भएको पशु चिकित्सकलाई छैटौं तहमा विज्ञापन गरेको सम्बन्धमा यस परिषद्का दर्तावाल पशु चिकित्सक डा. सुमित शर्मा (NVC Reg no: 1228) ले मिति २०७८ माघ २३ गते यस परिषदमा ध्यानाकर्षण विषयमा दिएको निवेदनमा *"पाँच बर्षे B.V.Sc.&A.H. डिग्री पढेर परिषद्बाट दर्तावाल पशु चिकित्सकहरु पशु स्वास्थ्य र एक स्वास्थ्यको महत्वपूर्ण अङ्ग हुदाहुदै छैटौं तहमा पदपुर्तिको लागि विज्ञापन गरिनु अन्यायपूर्ण तथा पेशागत अपमान भएकोले सो विषयलाई सच्याउन सम्बन्धित सबै निकायमा सुधारका लागि पठाइदिन अनुरोध छ" भनि* दिएको निवेदन माथि यस परिषद्को बैठकमा छलफल हुदा ***नेपाल पशु चिकित्सा परिषद् ऐन, २०५५ को दफा ९ (ख) र (छ) बमोजिम नेपाल सरकार, सबै प्रदेश र स्थानिय तहलाई नेपाल पशु चिकित्सा परिषद्मा दर्तावाल पशु चिकित्सकलाई ८औं तहमा सेवा प्रवेशको व्यवस्था कार्यन्वयनका लागि पेश गर्ने र ऐन, नियमावली तथा संगठन संरचनामा समेत सोहि व्यवस्था हुन*** उपयुक्त हुने परामर्श पठाउने परिषद्को निर्णयानुसार यो पत्र लेखिएको व्यहोरा अनुरोध छ। सो सम्बन्धमा तिनै तहमा हुनु पर्ने कानूनि तथा प्रशासनिक संरचनाका लागि तपसिल बमोजिमका सुझाव तथा परामर्श कार्यन्वयनका लागि पेश गरिएको व्यहोरा समेत अनुरोध छ।

बागमती प्रदेश लोकसेवा आयोगले प्रकाशन गरेको पदपुर्ति सूचना माथि छलफल गर्दा उक्त मिति २०७८।१०।१० को सूचना नं. ०९८/०७८-७९ मार्फत कृषि तर्फ भेटेरीनरी सेवाको लागि बागमती प्रदेश अन्तर्गतका विभिन्न स्थानीय तहहरुका लागि पशु चिकित्सकलाई अधिकृत छैटौं तहबाट प्रवेश गराउने गरी विज्ञापन गरिएको देखियो र सो विषयमा नेपाल पशु चिकित्सा परिषद्को ध्यानकार्षण भएको छ। नेपाल विश्व पशु स्वास्थ्य संगठन (OIE) र विश्व स्वास्थ्य संगठन (WHO)

रजिष्ट्रार

भेटेरिनरी कम्प्लेक्स, त्रिपुरेश्वर, पोष्ट बक्स नं.: २१६५५, काठमाण्डौं, नेपाल
फोन +९७७ १ ५३५९१४४/५३६१२१०, फ्याक्स : +९७७ १ ५३५९१४४, इमेलः info@vcn.gov.np, वेवसाइट : www.vcn.gov.np

को सदस्य राष्ट्र भएको र ति संगठनहरुले अगाल्ने गरेको एकस्वास्थ्य रणनीति अनुरुप पशु चिकित्सक र मानव चिकित्सकलाई राज्यले एकै कोणबाट हेर्नु पर्छ भन्ने विश्वव्यापी मान्यता रहेको छ। राज्यले यस किसिमको चिकित्सकहरुलाई गर्ने विभेदपूर्ण व्यवहारबाट पशु चिकित्सा क्षेत्रले पशु स्वास्थ्य र मानव स्वास्थ्य क्षेत्रमा पुर्याइरहेको योगदानलाई समेत नजरअन्दाज गरी पशु चिकित्कको मर्यादा माथि नै गम्भिर ठेस पुगेको परिषद्ले महसुस गरेको छ। हाल प्रदेश तथा स्थानिय निकायले पशु चिकित्सकका लागि माग गरिएको पदपुर्ति विज्ञापन अनुसारको छैटौ तहलाई सच्याउदै आठौं बनाउने र संघ, प्रदेश र स्थानिय तहले आगामि दिनमा तर्जुमा गर्ने निजामती सेवा सम्बन्धी ऐन, नियम तथा संगठन सर्वेक्षणहरुमा देहायको व्यवस्था गर्न उपयुक्त हुने हुदा संघ, प्रदेश र स्थानिय तहलाई सो व्यवस्था कार्यन्वयनका लागि पेश गरिएको तथा परामर्श दिइएको व्यहोरा अनुरोध छ।

१. नेपाल सरकार मन्त्रीपरिषदबाट स्वीकृत भई सामान्य प्रशासन मन्त्रालयले प्रकाशन गरेको स्थानीय तह र प्रदेशका लागि स्वीकृत संगठानिक संरचनाहरुको दरबन्दी तेरिजमा कृषि सेवा, भेटेरिनरी र ला.पो.डे.डे. (लाइभस्टक प्रोडक्सन तथा डेरीडेभलपमेन्ट) समुहको दरबन्दी अधिकृत ७/८ औं तह भनि स्वीकृत भएको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८६(१) मा स्थानीय सेवाको गठन, सञ्चालन, व्यवस्थापन, सेवाको सर्त तथा सुविधा सम्बन्धी आधारभुत सिद्धान्त र मापदण्ड सङ्घीय कानून बमोजिम हुनेछ भन्ने प्रष्ट व्यवस्था गरिरहेको सन्दर्भमा संघीय सरकारले कृषि सेवा, भेटेरिनरी र ला.पो.डे.डे. (लाइभस्टक प्रोडक्सन तथा डेरीडेभलपमेन्ट) समुहमा अधिकृत ७/८ औं तह भनि स्वीकृत गर्दा गर्दै स्थानिय तह तथा प्रदेश लोकसेवाले अन्य चिकित्सकलाई ८ औं र पशु चिकित्सकलाई छैटौं तहबाट प्रवेश बिन्दु कायम गर्दा पशु चिकित्सकहरुलाई साह्रै विभेदको महसुर र अन्याय भइ कानूनको उलंघन भएको अवस्था समेत देखिएकाले यस परिषद्को दर्ता परिक्षामा उतिर्ण भएका पशु चिकित्सकहरुलाई कम्तिमा ८ औं अधिकृत तहमा सेवा प्रवेश गरी स्वास्थ्य सेवामा कार्यरत चिकित्सक सरहको कानूनी तथा प्रशासनिक संरचना बनाउन उपयुक्त देखिन्छ।

२. निजामती सेवा ऐन, २०४९, निजामती सेवा नियमावली, २०५० र नेपाल कृषि सेवा (गठन समूह तथा श्रेणी बिभाजन र नियुक्ति) नियमहरु, २०५० ले कृषि सेवा तर्फ भेटेरिनरी र लाइभस्टक प्रोडक्सन एण्ड डेरि डेभलपमेन्ट समूहको राजपत्राङ्कित तृतिय श्रेणीका पशु चिकित्सक र पशु बिकास अधिकृत पदका लागि सेवा प्रवेश गर्न न्यूनतम योग्यता B.V.Sc.&A.H. वा सो सरहको स्नातक डिग्री हुनुपर्ने कानूनी प्रावधान रहेको छ। त्यस्तै नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ र नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५ अनुसार स्वास्थ्य सेवाको चिकित्सकहरु (मेडिकल अधिकृत, डेन्टल सर्जन, आयुर्वेद तथा युनानी) चिकित्सा विषयमा स्नातक (MBBS, BDS, Ayurveda) गरेकालाई आठौं तहमा सेवा प्रवेश गराइने व्यवस्था रहेको छ। नेपालको प्रशासनिक पुनःसंरचना मार्फत संघ, प्रदेश र स्थानिय तहका लागि मौजुदा निजामती सेवा ऐन, २०४९ लाई प्रतिस्थापन गर्न अब तर्जुमा गरिने ***संघिय निजामती सेवा ऐन लगाएत प्रदेश निजामती सेवा ऐन र स्थानिय सेवा*** ऐनमा सरकारी सेवाको कृषि सेवा अन्तर्गत ***पशु चिकित्सा विषयमा कम्तिमा स्नातक गरेका पशु चिकित्सकलाई पनि आठौं तहमा सेवा प्रवेश गर्ने व्यवस्था गर्न उपयुक्त*** हुने आधारहरु निम्नानुसार देखिन्छन्।

भेटेरिनरी कम्प्लेक्स, त्रिपुरेश्वर, पोष्ट बक्स नं.: २१६५५, काठमाण्डौ, नेपाल
फोन +९७७ १ ५३५९१४४/५३६१२१०, फ्याक्स : +९७७ १ ५३५९१४४, इमेल: info@vcn.gov.np, वेबसाइट : www.vcn.gov.np

# नेपाल पशु चिकित्सा परिषद्

क. प्रदेश र स्थानिय तहमा कर्मचारी प्रशासन तहगत प्रणालीमा रहेकोले एउटै कार्यगत प्रणालीमा रहने चिकित्सकहरु (मेडिकल, डेन्टल, आयुर्वेद, युनानि) आठौं तहमा तर पशु चिकित्साहरुलाई छैटौं वा सातौं तहमा सेवा प्रवेश गराइदा राष्ट्रिय तथा अन्तर्राष्ट्रियरुपमा रहेको चिकित्सकहरुको पेशागत मर्यादामा एकरुपता बनाउन जरुरी रहेको छ।

ख. चिकित्सा शास्त्र भित्र पर्ने होमियोपेथि चिकित्सा, आयुर्वेद चिकित्सा, एलोपेथिक चिकित्सा र पशु चिकित्सा मध्य सबै चिकित्सामा स्नातक तहका लागि आवश्यक योग्यता +२ साइन्स, अवधि कम्तिमा ५ वर्ष, सम्बन्धित परिषद्को नाम दर्ता परीक्षामा पास हुनु पर्ने कुराहरु समान रहेको र अन्तर्राष्ट्रिय अभ्यास पनि यस्तै रहेको छ। सबै चिकित्सकहरु नै भएकोले पशु चिकित्सकलाई मात्र छैटौं वा सातौं तहमा सरकारले अधिकृत स्तरमा सेवा प्रवेश गराउने व्यवस्था सामान्य प्राकृतिक न्यायको सिद्धान्त अनुरुप भएको देखिदैन।

ग. विभिन्न देशमा पनि पशु चिकित्सक लगाएत सबै चिकित्सकहरुलाई सरकारी सेवामा दिइने सेवा प्रवेश तह, सेवा सुविधा र सर्तहरुमा समानता रहेको देखिन्छ। भारतको उच्च अदालत, दिल्लीको सन २०१४ (WP© 2780/2011) को फैसलाले पनि पशु चिकित्सकहरुलाई अन्य चिकित्सक सरह समान ओहदा र तलबमान दिनु भनी आदेश गरेको देखिन्छ र सोहि अनुसार हाल भारतमा पनि एकै तह र तलबमानमा चिकित्सकहरुलाई सरकारले कानूनि र प्रशासनिक व्यवस्था गरिएको देखिन्छ।

डा. मनोज कुमार साही
नि. रजिष्ट्रार

**बोधार्थः**

१. श्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, सिंहदरबार, काठमाण्डौं।
२. माननिय अध्यक्षज्यू, लोक सेवा आयोग, अनामनगर काठमाण्डौं।
३. श्रीमान् महानिर्देशकज्यू, पशु सेवा बिभाग हरिहरभवन ललितपुर।

भेटेरिनरी कम्प्लेक्स, त्रिपुरेश्वर, पोष्ट बक्स नं.: २१६५५, काठमाण्डौं, नेपाल
फोन +९७७ १ ५३५९१४४/५३६१२१०, फ्याक्स : +९७७ १ ५३५९१४४, इमेलः info@vcn.gov.np, वेबसाइट : www.vcn.gov.np